नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

## विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र शिक्षण संस्थाहरुलाई चिकित्सा शिक्षा आयोगको सूचना !!

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०७८ मंसिर ८ गते प्रकाशित शैक्षिक सत्र २०७८/०७९ मा प्रमाणपत्र तह नर्सिङ कार्यक्रममा पूर्ण शूल्कीय तर्फको आवेदन फाराम भर्ने सम्बन्धी सूचनाका सम्बन्धमा कार्यकारी समितिको निर्णयानुसार देहाय बमोजिम गर्नु गराउनु हुन सम्वद्ध सबैमा सूचित गरिन्छ ।

१) "विश्वविद्यालय / प्रतिष्ठानहरु र विश्वविद्यालयका आंगिक र सम्बन्धन प्राप्त शिक्षण संस्थाहरुमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४२ बमोजिम प्रमाणपत्र तहको कार्यक्रम सञ्चालन नहुने भएकाले चिकित्सा शिक्षा आयोगको मिति २०७७ साउन ३० गतेको बैठकबाट शैक्षिक सत्र २०७७/०७८ देखी उक्त तहका कार्यक्रम सञ्चालन नगर्ने नगराउने निर्णय भई उक्त निर्णय कार्यान्वयनका लागि सम्बन्धित विश्वविद्यालय मार्फत च.नं. १२५ मिति २०७७/०५/३० को पत्र मार्फत जानकारी समेत गराई सकिएको अवस्थामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको सूचनामा त्यस्ता शिक्षण संस्थामा विद्यार्थी भर्नाका लागि सिट संख्या समेत तोकी सूचना प्रकासन भएको पाइएकाले विश्वविद्यालयहरुलाई आफ्ना आंगिक तथा सम्बन्धन प्राप्त कलेजमा प्रमाणपत्र तहका कार्यक्रममा विद्यार्थी भर्ना नगर्ने नगराउने प्रवन्ध अविलम्ब मिलाउन हुन ।प्रचलित ऐन तथा नियमको परिधि भित्र रहेर आयोगले दिएका निर्देशन कार्यान्वयन नभएमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १४ आकर्षित भईजाने ब्यहोरा समेत अनुरोध छ ।

२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् स्तर निर्धारण शाखाको पत्रका सम्बन्धमा यस आयोगको च.नं. ९४ (मापदण्ड निर्देशनालय) २०७८/०५/२३ को पत्रानुसारका प्रक्रिया पुरा गरी आयोगमा पेश भएर राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ बमोजिम कार्यकारी समितिबाट सिट सङ्ख्या निर्धारण सम्बन्धमा कुनै पनि निर्णय नभएको तर परिषदबाट विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्थामा समेत प्रमाणपत्र तह नर्सिङ विषयमा सिट निर्धारण गरी आवेदन आह्वान गरेको देखिदा उक्त सूचना ऐ. ऐनको दफा ४२ र चिकित्सा शिक्षा आयोगको मिति २०७७ साउन ३० गतेको निर्णयको प्रतिकुल भएकाले त्यस्ता शिक्षण संस्थामा विद्यार्थी भर्ना सम्बन्धी भएका सूचना रद्द गर्नु हुन ।

३) परिषद्को सूचनामा नामनामेसी सँलग्न भएका तपशिलका शिक्षण संस्थाहरुले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४२ तथा आयोगको मिति २०७७ साउन ३० गतेको निर्णयको प्रतिकुल रही प्रमाणपत्रतहका कार्यक्रम सञ्चालन गरेमा सोही ऐनको दफा १४ आकर्षित हुने भएकाले त्यसबाट पर्न सक्ने सम्भावित परिणामको सन्दर्भमा समेत ध्यान दिई त्यस्ता कार्यक्रमहरु सञ्चालन नगर्न सूचित गरिन्छ ।

शिक्षण संस्थाहरु:

| | | |
|---|---|---|
| 1 | Nobel Medical College Teaching Hospital | MORANG |
| 2 | National Medical College | PARSA |
| 3 | College of Medical Sciences Teaching Hospital | CHITWAN |
| 4 | N.P.J.Narayani Samudayik Hospital Ltd. | CHITWAN |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाइट : www.mec.gov.np
ईमेलः info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

| | | |
|---|---|---|
| 5 | Kathmandu Model Hospital School of Nursing (Run By: Janaswasthya Sarokar Trust ) | KATHMANDU |
| 6 | Nagarik College of Health Sciences | KATHMANDU |
| 7 | Nepal Institute of Health Sciences | KATHMANDU |
| 8 | Manmohan Memorial Institute of Health Sciences | KATHMANDU |
| 9 | Nepalese Army Institute of Health Sciences | KATHMANDU |
| 10 | Alka Hospital Pvt. Ltd. | LALITPUR |
| 11 | B&B Medical Institute | LALITPUR |
| 12 | Manipal College of Medical Sciences | KASKI |
| 13 | Nepalgunj Nursing Campus | BANKE |
| 14 | Lumbini Medical College & Teaching Hospital Ltd | PALPA |
| 15 | Devdaha Medical College & Research Institute | RUPANDEHI |

मितिः २०७८ मंसिर १३

सेमन्तराज कोइराला
उपसचिव